www.southasianastro.org
e-mail : saafkathmandu@gmail.com
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

दर्ता नं. ७९७-२०५९-०६०

# दक्षिण एशियाली ज्योतिष महासंघ

# South Asian Astro-Federation

पहिलो संशोधित

# विधान

वि.सं. २०६५




केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

# दक्षिण एशियाली ज्योतिष महासंघको
# पहिलो संशोधित विधान
# २०६५

## Aप्रस्तावना

ज्योतिष वाङ्मयको संरक्षण र सम्बर्द्धनका लागि विधागत विषयहरूको गहन जिम्मेवारी पूरा गर्न, प्राचीन वाङ्मयहरूमा प्रतिपादित सिद्धान्तहरूको खोजी, पुनर्व्याख्या, परिष्कार एवं अद्यावधिक गर्न, ज्योतिषपथलाई विश्वसनीय एवं भरपर्दो बनाइराख्न, ज्योतिषीहरूलाई मानवधर्म एवं विकासमा सदैव क्रियाशील बनाइराख्न, ज्योतिषीय आदर्शहरू परिपालन गर्न र ज्योतिषक्षेत्रमा क्रियाशील संघ-संस्था तथा व्यक्तिहरूसुग मैत्रीपूर्ण सम्बन्ध कायम गर्दै मानवजातिको पथप्रदर्शकका रूपमा कार्यरत दक्षिण एशियाली ज्योतिषी तथा सम्बद्ध संघ-संस्थाहरूलाई एउटै छातामुनि सुसंगठित गरी तिनको हकहितको संरक्षण तथा विकास गर्नका लागि एक सामाजिक संस्थाको आवश्यकता भएको हुनाले दक्षिण एशियाली क्षेत्रका ज्योतिषीहरूको सामूहिक संलग्नतामा २०५२ सालमा नेपालमा सम्पन्न दक्षिण एशियाली ज्योतिष सम्मेलनले ***दक्षिण एशियाली ज्योतिष महासंघ*** (South Asian Astro-Federation) को स्थापना गर्ने निर्णय गरेअनुसार यस महासंघको प्रस्तावनासहित यो विधान संस्था दर्ता ऐन, २०३४ को अधीनमा रही तर्जुमा गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

## Aदफा १)

**यस संस्थाको नाम** - नेपालीमा ***"दक्षिण एशियाली ज्योतिष महासंघ"*** काठमाडौं नेपाल र अंग्रेजीमा "South Asian Astro-Federation" Kathmandu Nepal हुनेछ र यसको संक्षिप्त नाम नेपालीमा "दएज्योम" र अंग्रेजीमा "SAAF" रहनेछ।

## Aदफा २)

**महासंघको कार्यालय रहने ठेगाना -** यस संस्थाको केन्द्रीय कार्यालय काठमाडौं जिल्लाभित्र रहनेछ।

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको।



## दफा ३)

**प्रारम्भ** - यो विधान स्थानीय अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ।

## Aदफा ४)

**महासंघको कार्यक्षेत्र -** यस संस्थाको कार्यक्षेत्र स्थानीय अधिकारी वा आवश्यक पर्ने प्रचलित नेपाल कानुन अनुरूप स्वीकृति लिनुपर्ने सम्बन्धित निकायबाट स्वीकृति वा अनुमति लिई नेपाल अधिराज्यभित्र तथा अन्य राष्ट्रहरूमा समेत विस्तार गर्न सकिनेछ।

## Aदफा ५)

**आबद्धता** - यस संस्थालाई नेपालका हकमा समाज कल्याण परिषद् तथा सो सम्बन्धित मान्यता प्राप्त निकायमा र अन्य देशका सम्बन्धमा ती देशहरूका सम्बद्ध निकायहरूमा आबद्ध गर्न सकिनेछ।

## दफा ६)

**प्रचलित कानुन बमोजिम हुने** - यो विधानमा भएको व्यवस्था संस्था दर्ता ऐन २०३४ र प्रचलित नेपाल कानुनको अधीनस्थ हुनेछ। यस संस्थाले नेपाल सरकारको नीतिनिर्देशनको परिधिभित्र रही कार्यसम्पादन गर्नेछ।

## दफा ७)

**संस्थाको अस्तित्व -** यो संस्था अविछिन्न उत्तराधिकारवाला संगठित, स्वशासित, मुनाफारहित गैरराजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ।

## Aदफा ८)

**संस्था व्यक्ति सरह -** यो संस्था व्यक्तिसरह हुनेछ। यसले कसै उपर नालिस उजुर गर्न सक्ने र यस उपर पनि नालिस उजुर लाग्न सक्नेछ।

## Aदफा ९)

**संस्थाको छाप तथा चिन्ह -**

१) **संस्थाको छाप -** बीचमा पृथ्वी र फेरामा सूर्य, चन्द्रादि नवग्रहको चिज्न, अनि त्यसभन्दा बाहिरको घेरामा गोलो आकारमा दक्षिण एशियाली ज्योतिष महासंघ लेखिएको हुनेछ।

२) **संस्थाको प्रतीक चिह्न** - बीचमा पृथ्वी र फेरामा सूर्य, चन्द्रादि नवग्रहको चिह्न भएको गोलो आकारको घेरामा रहेको हुनेछ।

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको।

# परिच्छेद २
# परिभाषा

## Aदफा १०)

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा-**

**'महासंघ'** भन्नाले यस विधानअन्तर्गत स्थापना भएको ***दक्षिण एशियाली ज्योतिष महासंघ***लाई जनाउँदछ। यस विधानमा कही कतै 'संघ' भन्ने शब्द प्रयोग भएमा त्यसलाई महासंघ भनी बुझ्नुपर्दछ।

## Aदफा ११)

**'समिति'** भन्नाले यसै विधानअन्तर्गत गठन भएको कार्यसमितिलाई जनाउछ। यस विधानमा कही कतै 'कार्यकारिणी' भन्ने शब्द प्रयोग भएमा त्यसलाई समेत कार्यसमिति भनी बुझ्नुपर्दछ।

## दफा १२)

**'ऐन'** भन्नाले संस्था दर्ता ऐन २०३४ लाई जनाउँछ।

## दफा १३)

**'नियम विनियम'** भन्नाले यसै विधानअन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ।

## Aदफा १४)

**'पदाधिकारी'** भन्नाले दक्षिण एशियाली ज्योतिष महासंघका पदाधिकारी तथा सदस्यहरूलाई सम्झनुपर्दछ।

## दफा १५)

**'स्थानीय अधिकारी'** भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउछ।

## Aदफा १६)

**'तोकिएबमोजिम'** भन्नाले यो विधान र यस विधानअन्तर्गत बनेको नियमविनियममा तोकिएबमोजिम सम्झनु पर्दछ।

## Aदफा १७)

**'अध्यक्षमण्डल'** भन्नाले यस महासंघको केन्द्रीय अध्यक्षको अध्यक्षतामा गठित महाशाखाका अध्यक्षहरू सदस्य रहेको दफा ३५ को (२) बमोजिमको समितिलाई जनाउँदछ।

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको।



## Aदफा १८)

**'सभा'** भन्नाले यस दक्षिण एशियाली ज्योतिष महासंघको विधानबमोजिम बसेको केन्द्रको महासभा र विशेष महासभा तथा शाखाका साधारणसभा र विशेष साधारणसभालाई समेत जनाउँदछ।

## Bदफा १९)

**'महासभा'** भन्नाले महासंघको केन्द्रीय सभासद्हरूको सभालाई जनाउछ।

## Bदफा २०)

**'विधान'** भन्नाले दक्षिण एशियाली ज्योतिष महासंघको विधानलाई सम्झनुपर्दछ।

## Bदफा २१)

**'ज्योतिष'** भन्नाले विभिन्न प्राचीन वाङ्मय एवं परम्पराबाट निःसृत सम्पूर्ण चराचरजगत्, राष्ट्र, समाज र नागरिकको हितकारी एवं मार्गदर्शक, वेदचक्षुको रूपमा प्रतिष्ठित, सिद्धान्त-संहिता-होरा लगायतका विधामा विभक्त संसारभरि प्रचलनमा रहेका सबै प्रकारका ज्योतिषीय परम्परा र समग्र ज्योतिषशास्त्रलाई जनाउँछ।

## Bदफा २२)

**'ज्योतिषी'** भन्नाले यस विधानबमोजिम योग्यता पुगेका, ज्योतिषशास्त्रअन्तर्गत सिद्धान्त, फलित, गणित, पञ्चाङ्ग, हस्तरेखा, मुहूर्त, वास्तु, शकुन, प्रश्न, रमल, अङ्कलगायतका विधालाई लिएर ज्योतिषीय सेवा, परामर्श, अनुसन्धान, सम्पादन, सम्प्रेषण, लेखन, प्राध्यापन, प्रशिक्षण, फलादेश, पत्रकारिता वा अन्य क्षेत्रबाट ज्योतिषवाङ्मयको संरक्षण, संवर्द्धन र मानवसेवामा क्रियाशील सम्पूर्ण ज्योतिषीहरूलाई जनाउँछ।

## Bदफा २३)

**'विशेष परिस्थिति'** भन्नाले संस्थाको निरन्तरतामा बाधा वा संस्थाविघटनसम्मको परिस्थितिलाई जनाउँछ।

## Bदफा २४)

**'महाशाखा'** भन्नाले यस संस्थाका राष्ट्रिय समितिलाई जनाउँछ।

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको।
B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको।

## परिच्छेद -३
## महासंघको उद्देश्य

**दफा २५)**

महासंघको उद्देश्य देहाय बमोजिम रहनेछ -

A१) प्राचीन वाङ्मयमा विद्यमान सिद्धान्तहरूको अध्ययनअनुसन्धान गरी आधुनिक प्रविधिको प्रयोग गर्दै ज्योतिषीय मान्यतालाई विश्वसनीय बनाइराख्न क्रियाशील रहने,

A२) ज्योतिष विषयका विशिष्ट व्यक्तित्वहरूको जीवनी, ज्योतिषसम्बन्धी पुस्तक, पञ्चाङ्ग, पत्रपत्रिका, कार्यक्रम, प्रतिवेदन, उत्पादन तथा ज्योतिषशास्त्रसम्बद्ध समाज एवं व्यवहारोपयोगी पाठ्यसामग्रीहरू प्रकाशन गर्ने/गराउने,

A३) ज्योतिष तथा ज्योतिषसम्बद्ध विषयहरूमा बैठक, भेला, सभा, अनुष्ठान, राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी, अन्तरक्रिया, अध्ययन-अध्यापन प्रशिक्षण, अनुसन्धान, परीक्षण लगायत अन्य आवश्यक रचनात्मक गतिविधि सञ्चालन गर्ने,

A४) अत्याधुनिक पुस्तकालय, वेधशाला, प्रयोगशाला र प्राज्ञिक अध्ययनअध्यापनद्वारा दक्ष जनशक्ति उत्पादन गरी ज्योतिर्विज्ञानसम्बद्ध विश्वविद्यालय स्थापना गर्नका लागि सम्बन्धित निकायमार्फत स्वीकृति लिई पूर्वाधार तयार गर्ने,

A५) उत्तरदायित्वपूर्ण र मर्यादित ज्योतिषव्यवसायको संस्थागत विकासमा क्रियाशील हुँदै ज्योतिषकर्मीहरूको स्तरवृद्धिका लागि संरक्षणात्मक नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

A६) ज्योतिषविज्ञानलाई प्राथमिक तहदेखि उच्च तहसम्म अध्ययनअध्यापनको व्यवस्था मिलाउन पहल गर्ने,

A७) महासंघमा आबद्ध ज्योतिषी तथा ज्योतिषीय संघ-संस्थाहरूको पेशागत हकहित र अधिकारको लागि आवश्यक कार्यहरू गर्ने/गराउने,

A८) ज्योतिषका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विद्वान्लाई सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने/गराउने,

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको।



A९) ज्योतिष तथा ज्योतिषसम्बद्ध प्राचीनअर्वाचीन विषयका प्राज्ञ, अनुसन्धाताहरूका लागि विशेष अध्ययन, शोध, परीक्षण तथा त्यसबाट प्राप्त अनुभवको आदानप्रदान गर्न उपयुक्त र आधिकारिक संस्थाका रूपमा यस संस्थालाई विकास गर्दै जाने,

A१०) संस्थागत विकास एवं स्थायित्वका लागि आवश्यक भौतिक पूर्वाधार तयार गर्न पहल गर्ने,

A११) महासंघले प्रचलित कानुनबमोजिम अनुमति लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट स्वीकृति लिएर उद्देश्यबमोजिम कार्यहरू गर्ने,

B१२) दक्षिण एशियाली क्षेत्रमा कार्यरत ज्योतिषी एवं ज्योतिषीय संघसंस्थाहरूलाई सुसंगठित गर्दै ज्योतिष वाङ्मयको संरक्षण र संवर्द्धनका लागि प्राज्ञिक नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

B१३) ज्योतिष तथा ज्योतिषसम्बद्ध ऐतिहासिक एवं पुरातात्त्विक विषयहरूको अध्ययनअनुसन्धान, शोधकार्य र अनुभवको संरक्षण एवं संवर्द्धन गरी सो कार्यको आदानप्रदान गर्ने/गराउने,

B१४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील समान उद्देश्य भएका संघसंस्थाहरूसुग सम्बन्ध विस्तार गर्ने,

B१५) दक्षिण एशियाली ज्योतिष महासंघ केन्द्रीय कार्यालयको मातहतमा रहने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्धित निकायको स्वीकृतिमा शाखा वा सम्पर्ककार्यालय खोली कार्य विस्तार गर्ने,

B१६) दक्षिण एशियाली ज्योतिष महासंघ केन्द्रीय कार्यालयको मातहतमा रहने गरी आवश्यक विभागहरू खोली कार्य विभाजन गर्ने,

B१७) ज्योतिषीय संघसंस्था, व्यक्तिव्यक्तित्वहरू र अन्य संघसंस्थाहरूसूग पारस्परिक सद्भाव एवं मेलमिलाप कायम गर्ने,

B१८) निर्दिष्ट क्षेत्रका ज्योतिषीहरूको उत्थानमा क्रियाशील संघसंस्थाहरूबीच संस्थागत सम्पर्क विकास गरी सहयोग आदानप्रदान गर्ने,

B१९) ज्योतिषीहरूको हकअधिकारमा पहुच पुऱ्याउन र ज्योतिषीहरूलाई सचेत एवं जागरूक बनाउनका लागि ज्योतिषीय आचारसंहिता पारित गरी लागु गर्ने,

B२०) समग्र ज्योतिर्विज्ञानको विकासका लागि आवश्यक कार्य गर्ने/गराउने,

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको।

**Bदफा २६)**

**संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू -**

**B१)** संस्थाले प्रचलित कानुनबमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत लिएर मात्र आफ्नो उद्देश्य कार्यान्वयन गर्नेछ,

**B२)** संस्थाले आफुलाई आवश्यक पर्ने भवन निर्माण गर्न, भाडामा वा लिजमा लिन, कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्सजस्ता कार्यालयसामान, सवारीसाधन तथा एम्बुलेन्स आदि खरिद गर्न वा भाडामा लिई प्रयोग गर्न, इन्टरनेट, वेवसाइट, ईमेललगायतका अन्य अत्याधुनिक सञ्चारमाध्यमको समेत प्रयोग गर्न र सेवामूलक अन्य काम गर्न समेत सक्नेछ ।

**B३)** संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्न तथा तिनको सेवाशर्तहरू निर्धारण गर्न सक्नेछ ।

**B४)** उद्देश्यप्राप्तिका लागि राष्ट्रियअन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी ज्योतिषीय संघ-संस्थासूग समन्वय र कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**B५)** उद्देश्यअनुरूपका विभिन्न ज्योतिषीय सामग्रीहरू प्रकाशित गर्न सक्नेछ ।

**B६)** विभिन्न विभागहरू तथा विविध-विषयका समिति र उपसमितिहरू गठन गरी संबद्ध क्षेत्रमा समेत उद्देश्यबमोजिमको कार्य गर्नेछ ।

**B७) आबद्धसंस्था - महासंघको उद्देश्य परिपूर्तिका लागि महासंघमा आबद्ध संस्थाहरू र महासंघबीच देहायअनुसारका प्रावधान रहनेछन् -**

**B**क) आबद्धसंस्थालाई महासंघको उद्देश्यअनुरूपका कार्यकम दिने र सुपरिवेक्षण गर्ने,

**B**ख) आबद्धसंस्थाको सहयोगमा महासंघले उद्देश्य हासिल गर्ने,

**B**ग) महासंघ र आबद्धसंस्थाबीच आपसमा आ-आफ्ना प्रगतिप्रतिवेदन र अन्य गतिविधि जानकारी गराउने,

**B**घ) आबद्धसंस्थाले अन्तर्राष्ट्रिय स्तरका कार्यकम गर्दा महासंघलाई जानकारी दिएर मात्र गर्ने,

**B८)** महासंघको उद्देश्य पूरा गर्न आवश्यक पर्ने अन्य सम्पूर्ण कार्य गर्ने,

B ९) महासंघको उद्देश्य परिपूर्तिका लागि देहायबमोजिमका शाखाहरू रहन सक्नेछन्

**B** २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।



**B**क) **महाशाखा**

महासंघका राष्ट्रिय स्तरमा गरिने गतिविधिहरूको सञ्चालन तथा अन्य शाखा-प्रशाखा र महासंघमा आवद्ध-सदस्यसंस्थाहरूलाई सुव्यवस्थित गर्नका लागि गठित महासंघका राष्ट्रिय स्तरका समितिलाई महाशाखाका रूपमा मान्यता दिइनेछ । यसभन्दा तल्ला तहका शाखा, प्रशाखा र उपशाखाहरू केन्द्रबाट अनुमोदन गराउने गरी यसकै मातहतमा रहनेछन् ।

**B**ख) **अन्य शाखाहरू :**

केन्द्रको मातहतमा रहनेगरी महाशाखा र वैदेशिक सम्पर्कशाखा तथा महाशाखाको मातहतमा क्षेत्रीय, उपक्षेत्रीय, जिल्ला तथा ग्रामीणस्तरमा विभिन्न शाखा तथा उपशाखाहरू गठन गर्न सकिनेछ ।

**B**ग) **शाखाको आम्दानी**

महाशाखा वा मातहतमा रहेका अन्य शाखा वा आबद्धसंस्थाद्वारा बनेका सदस्यबाट प्राप्त शुल्कको ५० प्रतिशत रकम महाशाखाले केन्द्रमा बुझाउनुपर्नेछ र आफ्नो मातहतमा रहेका अन्य शाखाद्वारा बनेका सदस्यशुल्कको ७५ प्रतिशत रकम ती शाखाहरूले महाशाखाको खातामा जम्मा गर्नुपर्नेछ, तर यस महासंघमा आबद्ध संस्थाद्वारा बनेका सदस्यबाट प्राप्त शुल्कको ६५ प्रतिशत रकम ती संस्थाहरूले महासंघमा बुझाउनुपर्नेछ । यही नियम नवीकरणमा समेत लागु हुनेछ । केन्द्रका हकमा यी कुनै पनि नियम लागु हुनेछैन । शाखा विघटन हुदा त्यसको समपूर्ण चल-अचल सम्पत्ति केन्द्रको अधीनमा हुनेछ ।

**B**घ) **शाखासम्बन्धी अन्य व्यवस्था**

सबै शाखाहरूको गठनविधि तथा काम, कर्तव्य, अधिकार र शाखाको आम्दानी एवं केन्द्रीय सभासद्को चयन गर्नेसम्बन्धी विस्तृत रूपमा विधानमा उल्लेख हुन बाकी रहेका अन्य सम्पूर्ण व्यवस्था यसै विधानबमोजिम बन्ने नियमविनियमानुसार हुनेछ ।

**B१०) सहकार्यसम्बन्धी व्यवस्था**

सेवामूलक सरकारी तथा गैरसरकारी संघ-संस्था तथा निकायसूग सहकार्य गर्न सकिनेछ ।

**B११) सम्मानसम्बन्धी व्यवस्था**

महासंघलाई विशेष सहयोग गर्ने दान-दाता, सहयोगी, उदारमना, दानवीरलगायतका र दफा २५ को (८) बमोजिमका विशिष्ट व्यक्तित्वलाई उच्चसम्मान गर्न/गराउन सकिनेछ ।

**B** २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।

# परिच्छेद ४
## सदस्य

**दफा २७)**

**सदस्यताप्राप्तिका लागि आवश्यक योग्यता–**

B१) यस महासंघको सदस्य बन्नका लागि देहायबमोजिमको योग्यता हुनुपर्नेछ -

Aक) १६ वर्ष उमेर पुगेको,

ख) फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको,

ग) तोकिएको सदस्यताशुल्क नियमित बुझाएको,

घ) कानुनले अयोग्य प्रमाणित नभएको,

ङ) मानसिक सन्तुलन नबिग्रीएको,

च) ज्योतिष विज्ञानमा अभिरुचि राख्ने,

छ) कार्यक्षेत्रभित्र वासस्थान भएको,

Bज) ज्योतिष विषयमा स्नातकतह उत्तीर्ण गरेको वा अन्य कुनै विषयमा स्नातकतह उत्तीर्ण गरी कुलपरम्परा वा प्रशिक्षण केन्द्र वा गुरुकुलबाट ज्योतिषको अध्ययन गरेको वा स्वाध्यय गरी कम्तीमा एक वर्षदेखि ज्योतिष पेसामा लागेको,

Bझ) ज्योतिष विषयमा प्रमाणपत्रतह उत्तीर्ण गरेको वा अन्य कुनै विषयमा प्रमाणपत्रतह उत्तीर्ण गरी कुलपरम्परा वा प्रशिक्षण केन्द्र वा गुरुकुलबाट ज्योतिषको अध्ययनका साथै तीन वर्षदेखि निरन्तररूपमा ज्योतिष पेसामा लागेको वा स्वाध्यायपूर्वक पाँच वर्षदेखि निरन्तर ज्योतिष पेसामा लागेको,

Bञ) प्रवेशिका परीक्षा उत्तीर्ण गरी कुलपरम्परा वा प्रशिक्षण केन्द्र वा गुरुकुलबाट ज्योतिषको अध्ययनका साथै पाँच वर्षदेखि निरन्तर ज्योतिष पेसामा लागेको वा स्वाध्यायपूर्वक सात वर्षदेखि निरन्तर ज्योतिष पेसामा लागेको,

Bट) कुलपरम्परा वा प्रशिक्षण केन्द्र वा गुरुकुलबाट ज्योतिषको अध्ययनका साथै सात वर्षदेखि निरन्तर ज्योतिष पेसामा लागेको वा स्वाध्यायपूर्वक दश वर्षदेखि निरन्तररूपमा ज्योतिष पेसामा लागेको,

Bठ) विधागत रूपमा ज्योतिषसूग नित्य सम्बन्ध रहेका प्राचीन तथा अर्वाचीन विभिन्न विषयका विज्ञका रूपमा कम्तीमा दुई वर्षदेखि ज्योतिष विषयको संरक्षण, संवर्द्धन तथा रचनात्मक एवं सेवामूलक कार्यहरूमा टेवा पुऱ्याई आएको,

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको।



Bड) यो संशोधित विधान लागु हुनुभन्दा अगाडि महासङ्घको सदस्य रहेका,

B२) आबद्धसंस्थाले महासंघमा केन्द्रीय सभासद् पठाउदा सदस्यताको योग्यता पुगेकामध्येबाट मात्र गणना गरी पठाउनुपर्नेछ।

**दफा २८)**

**सदस्यको प्रकार**

B१) यस संस्थाका सदस्यहरू देहायबमोजिम रहनेछन् -

**क) हटाइएको**

ख) संरक्षक

ग) साधारण

घ) आजीवन

ङ) मानार्थ

**च) हटाइएको**

**छ) हटाइएको**

ज) संस्थापक

**झ) हटाइएको**

**ञ) हटाइएको**

Bट) मैत्रीसदस्य

Bठ) अतिथिसदस्य

Bड) संस्था आवद्धसदस्य

Bढ) साधारणसभासदस्य

B२) नेपाली नागरिकलाई साधारण तथा आजीवनसदस्य, दक्षिण एशियाका देशहरूमा कार्यरत तथा बाहिरका ज्योतिषी तथा ज्योतिषीयसंस्थालाई क्रमशः मैत्रीसदस्यता र अतिथिसदस्यता प्रदान गर्नसकिनेछ।

B३) उल्लेखित सदस्यता केन्द्रीय समितिको निर्णयअनुसार अध्यक्षले प्रदान गर्नेछ। यसमा शाखामार्फत सदस्यता प्रदान गर्दा दफा २६ (९) को (ग) बमोजिमको प्रक्रिया पुऱ्याएर केन्द्रबाट अनुमोदन गराउनु पर्नेछ।

---

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको।

**दफा २९)**

**सदस्यशुल्क र सदस्यता प्रदान गर्ने विधि**

B१) यस विधानबमोजिम योग्यता पुगेको ज्योतिषीय क्षेत्रमा अभिरुचि राख्ने कुनै पनि व्यक्तिले तोकिएको प्रक्रियाअन्तर्गत रही आवेदन भरी महासंघको सदस्यता प्राप्त गर्न सक्नेछ ।

**क) हटाइएको**

Aख) **साधारणसदस्य -** साधारणसदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेशशुल्क रु. २०० र बार्षिक शुल्क रु. ३०० गरी एकमुष्ट रकम रु. ५००।- बुझाई तोकिएको प्रक्रियाअनुसार आवेदन पेश गर्नेलाई कार्यसमितिको निर्णय बमोजिम साधारणसदस्यता प्रदान गर्न सकिनेछ । साधारणसदस्यले बार्षिक नवीकरण शुल्क रु. ३०० बुझाउनुपर्नेछ ।

Aग) **आजीवनसदस्य** - महासंघमा प्रवेशशुल्क रु. २००।- र आजीवनसदस्यता शुल्क रु. २३००।- गरी एकमुष्ठ रकम रु. २,५००।- बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिलाई कार्यसमितिको निर्णयअनुसार आजीवनसदस्यता प्रदान गर्न सकिनेछ ॥

Aघ) **संरक्षक -** संस्थामा एकमुष्ट रु. २५,०००।- बुझाई तोकिएको ढाँचामा आवेदन पेश गर्ने व्यक्तिलाई कार्यसमितिको निर्णयबाट संरक्षक पद प्रदान गर्न सकिनेछ ।

Aङ) **मानार्थसदस्य** - न्यूनतम रु. ५१,०००।- भन्दा बढी सहयोग गर्ने ज्योतिषी, समाजसेवी, विशिष्ट एवं प्रतिष्ठित नेपाली तथा विदेशी नागरिकलाई महासभाबाट अनुमोदन गराउने गरी कार्यसमितिको निर्णयअनुसार मानार्थसदस्यता प्रदान गर्न सकिनेछ ।

**च) हटाइएको**

Aछ) **संस्थाआवद्धसदस्य -** संस्थाआवद्धसदस्य हुन रु. ५,१००।- शुल्क लाग्नेछ ।

Bज) **संस्थापकसदस्य** - यो संस्था दर्ता हुदा विधानमा हस्ताक्षर गर्ने पदाधिकारी वा सदस्यहरू संस्थापकसदस्य हुनेछन् ।

Bझ) संस्थापक सदस्यहरूले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारणसदस्यता वा आजीवनसदस्यता प्राप्त गर्न सक्नेछन्, र यसै उपदफाको (ट) बमोजिम साधारणसभासदस्य बन्न समेत सक्नेछन्, अन्यथा मताधिकार रहने छैन ।

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।
B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।



Bञ) मैत्रीसदस्य तथा अतिथिसदस्यले क्रमशः प्रवेशशुल्क रु. १,१००। - तथा १,५००।- र वार्षिक शुल्क रु. ५००।- तथा १,१००।- महासंघमा बुझाउनुपर्नेछ ।

Bट) **साधारणसभासदस्य-** महासंघले तोकेबमोजिमको शुल्क भुक्तान गरी महाशाखाको साधारणसभामा भाग लिनचाहने आजीवन सदस्यले आषाढ मासान्तभित्र साधारणसभा सदस्यता लिन सक्नेछ । महाशाखाका पदाधिकारी तथा सदस्यहरूले समेत यो शुल्क भुक्तान गर्नुपर्नेछ । तर वार्षिक रूपमा नवीकरण गर्नुपर्ने सदस्यहरू नवीकरण गरेपछि भने स्वतः साधारणसभा सदस्य हुनेछन् । उपर्युक्त प्रक्रिया पूरा गरेका साधारणसभासदस्यहरूलाई मात्र साधारणसभामा उमेदवारी दिने तथा मतदान गर्ने अधिकार प्राप्त हुनेछ ।

B२) अवधि सकिनुअगावै आषाढ मासान्तभित्रमा सदस्यता नवीकरण गर्नुपर्ने सदस्यले सदस्यता नवीकरण गराउनुपर्नेछ, अन्यथा प्रतिमहिना रु २५ का दरले बिलम्ब शुल्क लाग्नेछ वा सदस्यता समाप्त हुनेछ ।

**दफा ३०)**

**सदस्यताको अयोग्यता - महासंघको सदस्यता प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था**

B१) देहायको अवस्थामा कुनै पनि व्यक्तिले महासंघको साधारण वा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछैन -

क) १६ वर्ष उमेर नपुगेको,
ख) गैर नेपाली नागरिक,
ग) फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको,
घ) तोकिएको सदस्यता शुल्क नियमित नबुझाएको,
ङ) कानुनले अयोग्य प्रमाणित भएको,
च) मानसिक सन्तुलन विग्रिएको,
छ) ज्योतिष विज्ञानमा अभिरुचि नराख्ने,
ज) कार्यक्षेत्र भित्र वासस्थान नभएको,
झ) महासंघको हित विपरितलागेको वा सो कार्य गरेको प्रमाणित भएको,

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।

**Bदफा ३१)**

**सदस्यताको समाप्ति**

B१) देहायको अवस्थामा कुनै व्यक्ति संस्थामा बहाल रहनेछैन -

Bक) यस विधानबमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा,

Bख) महासभाको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा,

Bग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

Bघ) संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियतपूर्ण काम गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

Bङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा,

Bच) सदस्यता नवीकरण नगरेमा,

Bछ) कार्यसमितिले अनुशासनको कारबाही गरी सदस्यताबाट निस्काशन गरेमा,

Bज) प्रचलित कानुनबमोजिम पदमा रहिरहन अयोग्य भएमा,

Bझ) मृत्यु भएमा,

Bञ) संस्था विघटन भई खारेज भएमा,

## पच्छिेद ५

## साधारणसभा, महासभा, महाधिवेशन, कार्यसमिति तथा बैठकसम्बन्धी व्यवस्था

**दफा ३२)**

**साधारणसभाको गठनः** साधारणसभा शाखाको सर्वोच्च अङ्ग हुनेछ । साधारणसभामा देहायबमोजिमका सदस्यहरू रहनेछन्-

A१. महाशाखाका पदाधिकारी तथा सदस्यहरू तथा दफा २९ (१) को (ट) बमोजिम प्रक्रिया पूरा गरेका सदस्यहरू मात्र साधारणसभाका सदस्य हुनेछन् । यस सभामा मानार्थसदस्यहरू तथा अन्य विशिष्ट व्यक्तिहरू पनि सभामा आमन्त्रित हुनेछन्, तर यिनीहरूलाई मताधिकार रहनेछैन ।

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।



**क) हटाइएको,**

**ख) हटाइएको**

ग) साधारणसभाको गणपूरक संख्या ५१ प्रतिशत बहुमतको आधारमा हुनेछ ।

**घ) हटाइएको**

Aङ) बार्षिक साधारणसभा गर्नको लागि ३५ दिन अगाडि र विशेष साधारणसभा गर्नको लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै सदस्यहरूलाई सूचना दिइनेछ । महासभाको हकमा समेत यही नियम लागु हुनेछ

Bच) यसै महलको उपदफा १ को खण्ड (ङ) बमोजिम बोलाइएको साधारणसभा वा विशेष साधारणसभामा यसै महलको उपदफा १ को खण्ड (ग) बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारणसभा बोलाइनेछ । यसरी बोलाइएको साधारणसभामा उपस्थित सदस्य संख्यालाई नै गणपूरक संख्या मानिनेछ । महासभाको हकमा समेत यही नियम लागु हुनेछ ।

**Bदफा ३३)**

**महासभाको गठन -** महासभा महासंघको सर्वोच्च निकाय हुनेछ । यसले महासंघको केन्द्रीय सदस्यको चयन, नीति निर्माण तथा कार्यक्रम तय गर्नेछ ।

**B१) यसमा देहायबमोजिमका सभासद् रहनेछन् -**

Bक) महासंघको केन्द्रीय समितिका सबै पदाधिकारी र सदस्यहरू महासभाका सभासद् हुनेछन् ।

Bख) दफा ३४ (१) को (ग) बमोजिमका सभासद्हरू रहनेछन् ।

Bग) महासंघमा आबद्ध **गैरसरकारी ज्योतिषीय संस्था**ले प्रत्येक ११ जना सदस्यमध्येबाट १ जनाका दरले केन्द्रीय सभासद् निर्वाचित गरी पठाउन सक्नेछ ।

Bघ) महासंघमा आबद्ध **निजी संस्था** (प्रा.लि.) बाट सदस्यताको योग्यता पुगेका कम्तीमा १ जना प्रतिनिधि महासभाका लागि सभासद् हुन पाउनेछन् । धेरैजना सञ्चालक भएमा प्रत्येक ११ जनामध्येबाट १ जना प्रतिनिधि पठाउन सक्नेछ ।

Bङ) ज्योतिष विधाका विद्वान्हरूमध्येबाट केन्द्रीय समितिले बढीमा ११ जना सभासद् मनोनीत गर्न सक्नेछ ।

Bच) यसै उपदफाको खण्ड (ख) बमोजिमको प्रक्रिया हुन

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।

नसकुञ्जेलसम्मका लागि वा महासंघमा न्यूनतम सदस्यसंख्या ३०० नपुगुञ्जेलसम्म वा शाखा विघटन भई सभासद् चयन हुन नसकेको आदि अवस्थामा दफा २६ (९) को (घ) बमोजिम केन्द्रीय कार्यसमितिले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

Bछ) यसमा दशमलवमा आउने सङ्ख्यामा ०.५ भन्दा बढी आएमा थप एक प्रतिनिधि छानिनेछन्

Bज) ज्योतिषसूग नित्य सम्बन्ध रहेका विभिन्न विषयका विशेषज्ञलाई महासंघ केन्द्रीय समितिको निर्णयले महासभामा आमन्त्रित गरी छलफलमा सहभागी गराउन सकिनेछ, तर उनीहरूलाई मतदानको अधिकार हुनेछैन ।

Bझ) केन्द्रीय सभासद्हरूले वार्षिक रूपमा न्यूनतम रु. ३००।- शुल्क केन्द्रमा बुझाउनुपर्नेछ ।

B२) महासभाको सूचना तथा गणपूरक संख्याका सम्बन्धमा दफा ३२ (१) को (ङ) र (च) कै नियम लागु हुनेछ ।

**दफा ३४)**

**साधारणसभा तथा महासभाको काम, कर्तव्य र अधिकार**

**B१) साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -**

Aक) शाखाका कार्यसमितिका पदाधिकारीहरूको पदावधि समाप्त भएको अवस्थामा विधानको प्रक्रिया अन्तर्गत रही कार्यसमितिका पदाधिकारीहरूको निर्वाचन गर्ने,

ख) यस संघको साधारणसभाको दुई तिहाई बहुमतले पदाधिकारी र सदस्यहरूलाई पदमुक्त गर्ने,

Aग) प्रत्येक ७ जना सदस्यमध्येबाट एक जनाका दरले केन्द्रीय सभासद् निर्वाचित गरी केन्द्रमा पठाउनेछ,

घ) आवश्यकताअनुसार दरबन्दी सृजना गर्ने,

ङ) आर्थिक वर्षको आय व्ययको विवरण तथा बजेट पारित गर्ने,

च) लेखापरीक्षक नियुक्त गर्ने,

छ) कार्य समितिलाई निर्देशन दिने ,

Aज) शाखाको सर्वोच्च अंगको रूपमा रही आवश्यक कार्य सम्पादन गर्ने गराउने,

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।



Bझ) शाखा कार्यसमितिको निर्वाचन प्रयोजनका लागि हुने साधारणसभाको भेलालाई **अधिवेशन** भनिनेछ ।

**B२) महासभाको काम, कर्तव्य र अधिकार**

**महासभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ -**

Bक) केन्द्रीय सदस्यहरूको निर्वाचन गर्ने,

Bख) केन्द्रीय समितिले सम्पादन गरेका कामहरूको मूल्यांकन गर्ने,

Bग) केन्द्रीय समितिलाई दिएका निर्देशनहरू लागु भए-नभएको मूल्याङ्कन गर्ने,

Bघ) महासंघको उद्देश्य पूरा गर्नका लागि संस्थाको गतिविधिलाई प्रभावकारी बनाउन कार्यसमितिलाई आवश्यक निर्देशन दिने,

Bङ) केन्द्रीय स्तरका समस्या पहिचान गरी समाधानका उपाय पहिल्याउने,

Bच) केन्द्रीय समितिले पेश गरेका वा महासभाले आवश्यक ठानेका प्रस्ताव वा प्रतिवेदनहरूमाथि सुझाव दिने वा निर्णय गर्ने,

Bछ) महासंघको विधान, उद्देश्य, कार्यनीति तथा कार्यक्रममा समयानुकूल सुधार, परिवर्तन तथा परिमार्जन गर्ने,

Bज) केन्द्रीय समितिका तर्फबाट अध्यक्ष, महासचिव र कोषाध्यक्षले प्रस्तुत गरेको महासंघको नीति तथा कार्यक्रम र आय-व्ययको विवरणसम्बन्धी प्रतिवेदनको अन्तिम सुनुवाइ गरी अनुमोदन गर्ने,

Bझ) कार्यसमितिले तयार पारेका कार्यनीति, नियमावली, आचारसंहिता आदि संस्थाको उद्देश्य तथा हित विपरीत भएको पाइएमा महासभाले बदर गर्न सक्नेछ ।

Bञ) लेखा परीक्षक नियुक्त गर्ने वा नियुक्त गर्न कार्यसमितिलाई अधिकार दिने ।

**B३) महासभा र महाधिवेशनसम्बन्धी व्यवस्था**

Bक) केन्द्रीय सदस्यहरूको निर्वाचन प्रयोजनका लागि दफा ५५ को ६ बमोजिम हुने महासभाको भेलालाई महाधिवेशन भनिनेछ ।

Bखं) प्रत्येक वर्ष कम्तीमा एकपटक महासभाको बैठक बस्नेछ ।

Bग) सभामा कुनै सदस्यले लिखित रूपमा आफ्नो अभिमत राख्न चाहेमा सो लिखित आफ्नो राय कम्तीमा ७ दिन पूर्व नै केन्द्रीय कार्यालयमा

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।

दर्ता गराउन पर्ने छ र उक्त लिखित पाठ सभामा प्रस्तुत गर्न दिने नदिने निर्णय केन्द्रीय समितिले गरेबमोजिम हुनेछ ।

**B४) सभासद्को काम, कर्तव्य र अधिकार**

Bक) सभाको बैठकमा सक्रिय सहभागिता जनाउने,

Bख) महासंघको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने,

Bग) संस्थाले तोकेको कार्य गर्ने,

## दफा ३५)

## केन्द्रीय कार्यसमिति तथा मातहतका अन्य समितिको गठन

B१) महाधिवेशनद्वारा निर्वाचित केन्द्रीय सदस्यहरूमध्येबाट देहायबमोजिम कार्यसमितिको गठन गरिनेछ -

क) संस्थापक कार्यसमितिले यो विधान स्वीकृत भएको मितिले ६ महिनाभित्र कार्यकारिणी समितिको निर्वाचन गर्नेछ ।

**ख) हटाइएको**

Aग) महाधिवेशनद्वारा निर्वाचित केन्द्रीय सदस्य न्यूननतम २१ जनामध्येबाट अध्यक्ष चयन गरिनेछ र अध्यक्षद्वारा मनोनीत विषयगत विज्ञ थप ४ जनासमेत गरी जम्मा २५ जनामध्येबाट अन्य पद दफा (३६) को उपदफा (१) अनुसार विभाजन हुनेछ ।

Aघ) केन्द्रीय समितिबाट अध्यक्ष, महासचिव, कोषाध्यक्ष सहितको ७ सदस्यीय ***सचिवालय समिति*** केन्द्रीय समितिले निर्वाचन गर्नेछ । यसै समितिले केन्द्रीय कार्यालयको संचालन एवं व्यवस्थापन गर्नेछ । साथै यस समितिले अन्य विशेष निर्णय तथा कार्यान्वयन समेत गर्न सक्नेछ । यसले गरेका सबै काम केन्द्रीय समितिले गरेसरह मानिनेछ ।

ङ) संस्थापना कालमा पदासिन व्यक्तिहरूको पदबाहेक खालिरहेका अन्य पदहरू पछि कार्यसमितिको निर्णयअनुसार अध्यक्ष र महासचिवको सहमतिले पदपूर्ति हुन सक्नेछ ।

च) पहिलो पटक स्थापना भएको वर्षमा गठित यस संघको कार्यसमितिले तीन वर्षसम्म आफ्नो अधिकार उपभोग गर्नेछ । त्यसपछि भने हरेक तीन वर्षमा निर्वाचनबाट मात्र कार्यसमितिको गठन हुनेछ, तर संस्था दर्ता भएको ६ महिनाभित्र पुनर्गठन भएको हुनुपर्नेछ ।

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।
B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।



Aछ) अध्यक्ष पद खाली भएको अवस्थामा सहअध्यक्ष स्वतः कार्यवाहक अध्यक्ष हुनेछ र त्ससपछि पनि वरीयता कमअनुसार नै हुनेछ ।

**ज) हटाइएको**

Aझ) केन्द्रीय कार्यसमितिका पदाधिकारी वा सदस्य बिनाकारण वा विनासूचना ३ पटकसम्म बैठकमा अनुपस्थित भएमा उक्त पद स्वतः खाली भएको मानिनेछ ।

ञ) महाधिवेशनले केन्द्रिय सदस्यहरूको निर्वाचन गर्नेछ ।

Aट) केन्द्रीय समितिमा न्यूननतम २५ जनासम्म पदाधिकारीहरू रहनेछन्, तर विधान संशोधन भई अधिवेशन हुनुपूर्वको समिति उपर भने यो नियम लागु हुनेछैन ।

**ठ) यूहाबाट हटाइ उपदफा २ मा राखिएको**

**ड) हटाइएको**

**ढ) यहाँबाट हटाइ उपदफा ३ मा राखिएको**

**ण) यहाँबाट हटाइ दफा ६४ मा राखिएको**

Bत) कुनै पदाधिकारी अथवा सदस्यको पद रिक्त हुन आएमा दफा ४२ बमोजिम रिक्तपद पूर्ति गरिनेछ ।

Bथ) नयाँ कार्यसमितिको गठनका लागि एक कार्यकालको बाूकी अवधिको ६ महिनादेखि अवधि सकिएको ६ महिनासम्मको समयलाई सामान्यतः वैधानिक मानिनेछ ।

B२) यस महासंघको केन्द्रीय अध्यक्षको अध्यक्षतामा महाशाखाका अध्यक्षहरू सदस्य रहेको ***अध्यक्षमण्डल*** रहनेछ र यस समितिले आवश्यकताअनुसार संस्थाको हितका लागि सहयोग एवं राय सुझाव दिनसक्नेछ ।

B३) केन्द्रीय कार्यसमितिका अध्यक्षको अध्यक्षतामा यस महासंघको स्थापना गर्दा विधानमा दस्तखत गर्ने संस्थापकहरू र महासंघका पूर्वअध्यक्षहरू रहेको एक ***केन्द्रीय अनुगमन समिति*** गठन गरिनेछ । यस समितिका सबै सदस्यहरू केन्द्रीय सभासद् रहनेछन्, तर महासंघको विधानअनुसार सदस्यता लिई सदस्यता नवीकरण गरेका र केन्द्रीय सभासद्शुल्क नियमित बुझाएका संस्थापक सदस्य तथा पूर्वअध्यक्षहरूलाई मात्र यसमा गणना गरिनेछ । यस समितिको काम, कर्तव्य र अधिकार दफा ३९ को (४) बमोजिम हुनेछ ।

B४) महासंघले आवश्यक देखेमा दफा ३९ को (२) बमोजिम अन्य बिभिन्न समिति उपसमिति गठन गरी आफ्नो उद्देश्य अनरूप काम गर्न सक्नेछ ।

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।
B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।

**दफा ३६)**

**केन्द्रीय तथा शाखाकार्यसमितिको स्वरूप**

**A१) केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूको क्रम तथा स्वरूप देहायबमोजिम रहनेछ -**

Aक) अध्यक्ष–१, सहअध्यक्ष–१, उपाध्यक्ष-१, महासचिव–१, उपमहासचिव-१, कोषाध्यक्ष–१, सहकोषाध्यक्ष-१, संगठनसचिव-१, वैदेशिकसमन्वयसचिव-१, सचिव-१, र अन्य सदस्यहरू समेत गरी जम्मा २५ जनाको केन्द्रीय समिति रहनेछ । यसबाहेक महाशाखाका अध्यक्ष केन्द्रीय समितिका पदेन उपाध्यक्ष हुनेछन् । विधान संशोधन भई अर्को महाधिवेशन न भएसम्मका हकमा भए, गरेका सबै कार्यहरू यसै विधान बमोजिम भए, गरेका मानिनेछन् ।

**ख) यूहाबाट हटाइ उपदफा २ बनाइएको**

**ग) यूहाबाट हटाइ दफा ४४ को ५ मा समाहित गरिएको**

**घ) यूहाबाट हटाइ दफा ३९ को (३) मा समाहित गरिएको**

**ङ) हटाइएको**

**च) हटाइएको**

**२) शाखाकार्यसमितिको स्वरूप**

Aक) महाशाखा र अन्य एकाइहरूमा अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सहसचिव-१, कोषाध्यक्ष-१, सहकोषाध्यक्ष-१, र अन्य सदस्य-९ जना समेत गरी न्यूननतम १५ जनासम्मको समिति रहनेछ। क्षेत्रीय समितिका अध्यक्ष महाशाखामा पदेन उपाध्यक्ष हुनेछन् ।

A३) **बैठकसम्बन्धी** व्यवस्था दफा ४४ मा गरिए बमोजिम हुनेछ ।

**दफा ३७)**

**केन्द्रीय कार्यसमिति तथा कार्यालयको काम, कर्तव्य र अधिकार**

१) केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) महासंघको विधानअनुसार ज्योतिषविज्ञानसम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन गर्ने गराउने,

Aख) विधानबमोजिमको व्यवस्था पालना गरी महासभाको निर्णय कार्यान्वयन गर्ने, गराउने,

ग) अन्य आवश्यक र भैपरी आउने कार्यहरू गर्ने गराउने,

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।



Aघ) महासंघको विधानअनुसारका कार्य गर्ने गराउने,

Aङ) संस्थाको उद्देश्यप्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने,

Bच) दफा ४५ को (१२) बमोजिमको शुल्क कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूबाट भुक्तानी लिने,

Bछ) कार्यसमितिले आवश्यक ठानेका विभिन्न विषयका विद्वान्, प्राध्यापक, समाजसेवी, ज्ञानवृद्ध तथा वयोवृद्ध ज्योतिषी र उद्योगी, व्यवसायीलगायतका मूर्धन्य व्यक्तित्वहरूलाई प्रमुखसल्लाहकार तथा सल्लाहकारमा मनोनयन गर्न सक्नेछ । यसरी मनोनीत सल्लाहकारको समयावधि पनि समितिको समयावधिसरह नै हुनेछ । सल्लाहकार समितिमा पूर्वअध्यक्षहरू स्वतः रहनेछन्,

Bज) सबै प्रकारका शाखा-प्रशाखाहरूको नियमन तथा सुपरिवेक्षण गर्ने,

Bझ) सदस्य, शाखा तथा संस्थागत सदस्य-संस्थाहरूले महासंघको हितप्रतिकूल काम गरेमा आवश्यकताअनुसार स्पष्टीकरण लिने, बिगो असुल्ने, निलम्बन गर्ने, खारेजी गर्ने आदि र दफा ३९ (५) को अधिकार समेत प्रयोग गर्न सक्नेछ,

Bञ) वार्षिक कार्ययोजना तथा बजेट तय गरी महासभाबाट अनुमोदन गराई कार्यान्वयन गर्ने,

Bट) महासभाबाट पारित भएका आवश्यक कार्यनीति, नियमावली, आचारसंहिता आदि लागु गर्ने/गराउने,

Bठ) महासंघको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई महासभामा प्रस्तुत गर्ने,

Bड) महासंघको उद्देश्यपरिपूर्तिका लागि आफ्नो कार्यअवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार समिति वा अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकताअनुरूप कार्यको बाँडफाँड गर्ने,

Bढ) महासंघको नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

Bण) महासंघमा नियुक्त कर्मचारीहरूको सेवाको शर्त, नियुक्ति, विभागीय कारवाहीसम्बन्धी सम्पूर्ण जिम्मेवारी बहन गर्ने,

Bत) महासंघका कर्मचारीहरूको सेवाशर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई महासभाबाट स्वीकृत गराई लागु गर्ने/गराउने,

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।

B थ) स्वदेशी तथा विदेशी संस्था, व्यक्ति, सरकार वा अन्य निकायसूग सम्पर्क, सम्झौता, सम्बन्ध कायम गर्ने,

**B२) केन्द्रीय कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -**

B क) दैनिक प्रशासकीय काम सञ्चालन गर्ने,

B ख) महासंघको लिखत, कार्यवृत्त पुस्तिका (माईन्युट बुक) र अभिलेखको सुरक्षा गर्ने,

B ग) महासभा तथा समितिका निर्णय र निर्देशनहरू तदारुकताका साथ कार्यान्वयन गर्ने,

B घ) पत्रव्यवहार यथासमयमा गर्ने,

B ङ) सदस्यताको प्रमाणपत्र जारी गर्ने र सदस्यहरूको लगत विधिवत् कायम गर्ने,

B च) शाखा तथा त्यसका गतिविधिहरूको लगत विधिवत् कायम गर्ने,

B छ) शाखासूग समय-समयमा पत्रव्यवहार वा अन्य तरिकाबाट सम्पर्क गर्ने,

B ज) महासभा, केन्द्रीय समिति, अन्य समिति, उपसमिति, कार्यदल आदिको आवश्यक निर्णय शाखालाई जानकारी दिने,

B झ) केन्द्रीय कार्यालयलको नियमित कार्यसञ्चालन सचिवालयले गर्नेछ,

## Bदफा ३८)

B **पदत्याग गर्नसक्ने -** अध्यक्षले सहअध्यक्षमार्फत कार्यसमितिसमक्ष र सहअध्यक्षलगायत अन्य पदाधिकारी

B तथा सदस्यहरूले अध्यक्षसमक्ष राजीनामा दिई पदत्याग गर्न सक्नेछन् । पदत्याग गर्दा संस्थामा बुझबुझारथ गर्नुपर्नेछ ।

## B दफा ३९)

B **अन्य समिति तथा उपसमितिहरूको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था -**

B१) सचिवालय समितिको गठन, काम, कर्तव्य र अधिकार दफा ३५ (१) को (घ) मा उल्लेख गरिएबमोजिम हुनेछ ।

B२) यस विधानको परिधिभित्र रहेर संस्थाको कार्यसञ्चालनको लागि केन्द्रीय समितिले विषयगत समिति, उप-समिति, आयोग, कार्यदल आदि गठन गर्न सक्नेछ ।

---

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।



B३) उपदफा २ बमोजिम गठित समिति, उप-समितिहरूको काम, कर्तव्य, अधिकार एवं समयावधि कार्यसमितिले तोकेबमोजिम हुनेछ ।

B४) केन्द्रीय समितिका अध्यक्षको अध्यक्षतामा दफा ३५ को (३) बमोजिम गठित **केन्द्रीय अनुगमन समितिले** संस्थामा विशेष परिस्थिति आइपर्दा संस्थाको हित र संरक्षण गर्नका लागि आवश्यक पर्दा संस्थामा सम्पूर्ण अधिकार सम्पन्न निकायको रूपमा कार्य सम्पन्न गर्न गराउन तथा विशेष निर्णय गर्न समेत सक्नेछ र बेला-बेलामा राय-सुझाव दिनसक्नेछ, तर, विशेष निर्णय गरेको खण्डमा महासभाद्वारा सो कार्यको अनुमोदन गराउनुपर्नेछ ।

B५) हरेक शाखा तथा एकाइहरूलाई कारण पर्न आएमा केन्द्रीय समितिको बहुमतको निर्णयले हटाउन वा विघटन गर्न सक्नेछ ।

## Bदफा ४०)

**अधिकार प्रत्यायोजन**

B१) कार्यसमितिले आफूमा अन्तर्निहित अधिकारमध्ये आवश्यकतानुसार खास अधिकार कुनै उपसमिति, आयोग, कार्यदल, पदाधिकारी, शाखा वा सदस्यलाई सुम्पन सक्नेछ ।

B२) आवश्यकताअनुसार अध्यक्षले सचिवालय सञ्चालन लगायतका आफूमा रहेको सम्पूर्ण अधिकार वा केही अधिकार सहअध्यक्ष वा समितिका जीम्मेवार कुनैपनि पदाधिकारी वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ र सो अधिकार फिर्ता लिन समेत सक्नेछ ।

B३) कारणवश केन्द्रीय कार्यसमितिको निर्वाचन समयमा हुन नसकेमा समितिले बढीमा एक वर्षसम्म आफ्नो कार्यकाल थप गर्न सक्नेछ ।

## Bदफा ४१

**कार्यसमितिको उत्तरदायित्व –** समितिका पदाधिकारी र सदस्यहरू सामूहिक र व्यक्तिगत रूपले सभाप्रति उत्तरदायी हुनेछन् । साथै आफ्नो कार्यकालमा भए गरेका कामहरूको मात्र पूर्ण उत्तरदायित्व रहनेछ ।

---

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।

**दफा ४२)**

**रिक्त पदपूर्ति**

A१) केन्द्रीय समितिको कुनै सदस्य पद खाली भएमा सभाबाट अनुमोदन गराउने गरी तत्कालका लागि केन्द्रीय समितिले कुनै केन्द्रीय सभासद्लाई केन्द्रीय समितिको सदस्य पदमा मनोनीत गर्न सक्नेछ।

A२) कुनै पदाधिकारीको पद रिक्त हुन आएमा निर्वाचित सदस्यहरूमध्येबाट अध्यक्षले पदपूर्ति वा पुनर्गठन गर्न सक्नेछ।

**दफा ४३)**

**शाखा, सम्पर्क कार्यालय र एकाइ विस्तार गर्ने।**

A१) शाखा गठन गर्नुपर्दा केन्द्रीय समितिको स्वीकृति अनिवार्य आवश्यक पर्नेछ।

A२) शाखा, सम्पर्क कार्यालय तथा एकाइहरूले गरेका मुख्य र आवश्यक निर्णय तथा बार्षिक प्रतिवेदन नियमित रूपमा केन्द्रमा पठाउनुपर्नेछ।

**३) हटाइएको**

**दफा ४४)**

**वैठकसम्बन्धी व्यवस्था**

A१) प्रत्येक तीन महिनामा कम्तीमा एकपटक कार्यसमितिको बैठक बस्नेछ।

A२) कार्यसमितिको बैठक अध्यक्षको निर्देशनअनुसार महासचिव, उपमहासचिव वा सचिवले बोलाउनेछ, तर कार्यसमितिका पदाधिकारीहरूको जम्मा सङ्ख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षको निर्देशनअनुसार महासचिव वा सचिवले कार्यसमितिको बैठक तुरुन्त बोलाउनुपर्नेछ।

A३) बैठकको गणपूरक सङ्ख्या ५१ प्रतिशत हुनेछ। प्रथमपटक बोलाइएको बैठकमा आवश्यक गणपूरक सङ्ख्या नपुगेमा सात दिनको म्याद दिई पुनः बैठक बोलाउनुपर्नेछ। दोस्रो पटकको बैठकमा समेत आवश्यक गणपूरक सङ्ख्या नपुगेमा कम्तीमा तीन दिनको समय दिई पुनः बैठक बोलाइनेछ। तेस्रो पटकमा उपस्थित संख्यालाई नै

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको।



गणपूरक सङ्ख्या मानी बैठक सञ्चालन गर्न सकिनेछ।

B४) **अध्यक्षता :-** अध्यक्षले कार्य समितिको बैठक, सभा तथा महासंघको अन्य कार्यक्रममा अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा वा विधानअनुसार निजले अध्यक्षता ग्रहण गर्न नमिल्ने भएमा वरीयताक्रमअनुसार सहअध्यक्ष वा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरूमध्येको ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

B५) हरेक स्तरको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ, तर तोकिएको हकमा भने तोकिएबमोजिम नै हुनेछ।

B६) कार्यसमितिको बैठकमा छलफल भएका विषयहरूको निर्णय छुट्टै किताबमा लेखी राखिनेछ र उक्त निर्णयमा असहमति जनाउनेहरूले कैफियत खोली सही गर्नुपर्नेछ।

B७) महासङ्घले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ।

B८) माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सबै पदाधिकारी तथा सदस्यहरू लिखितरूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठकबिना पनि गर्न सकिनेछ। यस्तो सहमतिलाई कार्यसमितिको बैठकको निर्णयसरह मानिनेछ।

## परिच्छेद-६

## पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**Bदफा ४५)**

**केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ –**

**१) अध्यक्षको काम, कर्तव्य र अधिकार**

Aक) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैंठक सञ्चालन गर्ने,

Aख) आवश्यकताअनुसार बैठकहरू बोलाउन महासचिवलाई निर्देशन दिने,

Aग) संस्थाको हितको लागि उचित ठानिएका आवश्यक कार्यहरू गर्ने,

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको।

घ) सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गर्ने र काममा समन्वय ल्याउने,

Aङ) देश र विदेशमा हुने सभा सम्मेलनमा महासंघको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

Bच) निर्णायक मत दिने,

Bछ) संस्थाको नेतृत्व लिने,

Bज) अन्य पदाधिकारी एवं सदस्यहरूलाई कामको बाँडफाँड गर्ने,

Bझ) अभिलेख प्रमाणित गर्ने,

Bञ संस्थालाई आफ्नो उद्देश्यप्राप्तिमा सक्रिय गराउने,

Bट) सदस्यमध्येबाट विधान बमोजिम समितिको गठन वा पुनर्गठन गर्ने,

**२) सहअध्यक्षको काम, कर्तव्य र अधिकार -**

क) अध्यक्षलाई सहयोग गर्ने,

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने,

Bग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने,

**B३) उपाध्यक्षको काम कर्तव्य र अधिकार -**

Bक) अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

Bख) अध्यक्षको निर्देशनवमोजिम कामहरू गर्ने,

Bग) आफूभन्दा माथिका पदभार सम्हाल्नेको अनुपस्थितिमा अध्यक्षता ग्रहण गर्ने,

**४) महासचिवको काम कर्तव्य र अधिकार -**

Aक) कार्यसमिति र अध्यक्षको निर्णयबमोजिम सम्पूर्ण कार्यक्रम तथा कार्यालयको सञ्चालन र रेखदेख गर्ने,

Aख) अध्यक्षको निर्देशनअनुसार बैठक र सभा बोलाउने,

Aग) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने,

घ) हरेक कार्यमा अध्यक्षलाई सहयोग गर्ने/गराउने,

Aङ) बैठक तथा सभाका निर्णयहरूको अभिलेख राख्ने र सो को संरक्षण गर्ने,

Aच) समितिको तर्फबाट प्रतिवेदन पेश गर्ने,

Bछ) भैपरी आउने काम गर्ने/गराउने ,

Bज) दैनिक प्रशासन सञ्चालन गर्ने/गराउने,

Bझ) महासभा र समितिका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने,

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।
B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।



Bञ) विधानले तोकेबमोजिमका अन्य काम र अध्यक्षले दिएका जिम्मेवारी पूरा गर्ने,

**५) उपमहासचिवको काम, कर्तव्य र अधिकार -**

Aक) महासचिवको अनुपस्थितिमा निजको कार्य गर्ने,

Aख) महासचिवलाई सहयोग गर्ने,

Aग) तोकिएको अन्य काम गर्ने,

Aघ) महासचिवले दिएको जिम्मेवारी पूरा गर्ने,

ङ) अभिलेखको सुरक्षा गर्ने र शाखा भ्रमण गर्ने,

**६) कोषाध्यक्षको काम कर्तव्य र अधिकार -**

Aक) महासंघको कोषको रेखदेख र सञ्चालन गर्ने,

Aख) महासंघको लागि आवश्यक आर्थिक स्रोतको व्यवस्थापन र परिचालन गर्ने,

Aग) महासंघको वार्षिक आर्थिक कार्यक्रम तयार पार्ने र सभामा लेखापरीक्षण प्रतिवेदन, वार्षिक बजेट आदि पेश गर्ने,

Aघ) महासंघको कोष तथा लेखासम्बन्धी सम्पूर्ण दायित्व वहन गर्ने,

Bङ) नियमितरूपमा वार्षिक लेखापरीक्षण गराउने र सबै शाखाका आर्थिक कारोबारको लेखापरीक्षण गर्न लगाउने तथा सुपरिवेक्षण र अनुगमन गर्ने,

Bच) महासंघको तर्फबाट असुल गर्नुपर्ने शुल्क तथा रकम असुल उपर गर्ने/गराउने,

Bछ) महासंघको जिन्सी लगत राख्ने,

Bज) महासभा, समिति वा अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने,

Bझ) संस्थाले तोकेका र संस्थालाई हितकर हुने अन्य कार्य गर्ने,

Bञ) अध्यक्षले दिएको निर्देशनवमोजिम काम गर्ने,

**B७) सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार -**

Bक) कोषाध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

Bख) अध्यक्ष, कोषाध्यक्ष वा समितिले दिएका जिम्मेवारी पूरा गर्ने,

Bग) महासंघको हित हुने काम गर्ने,

Bघ) कोषाध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने,

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।
B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।

**B८) सङ्गठन सचिवको काम कर्तव्य र अधिकार**

Bक) अध्यक्ष र महासचिवको निर्देशनबमोजिम सङ्गठन विस्तारका लागि आफूलाई सुम्पिएको वा तोकिएको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,

Bख) शाखा र केन्द्रबीच समन्वय कायम गर्ने,

Bग) महासंघको संगठन विस्तार एवं अनुगमन गर्ने,

Bघ) सबै सदस्य तथा शाखाहरूको लगत तथा अभिलेख दुरुस्त राख्ने,

Bङ) तोकिएका अन्य काम गर्ने,

Bच) महासंघका गतिविधिलाई सञ्चारित गर्ने,

**B ९) वैदेशिक समन्वय सचिवको काम कर्तव्य र अधिकार**

Bक) अध्यक्ष र महासचिवको निर्देशनबमोजिम वैदेशिक संघसंस्थाहरूसुग सम्बन्धविस्तारका लागि आफूलाई सुम्पिएको वा तोकिएको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,

Bख) विदेशमा रहेका सबै सदस्य र मैत्री एवं सम्पर्क शाखाहरूको लगत तथा अभिलेख दुरुस्त राख्ने,

Bग) तोकिएका अन्य काम गर्ने,

**B१०) सचिवको काम, कर्तव्य र अधिकार -**

Bक) महासचिवले दिएको जिम्मेवारी पूरा गर्ने,

Bख) महासचिव तथा उपमहासचिवको अनुपस्थितिमा निजको कार्य गर्ने,

Bग) तोकिएका अन्य काम गर्ने,

**११) सदस्यहरूको काम कर्तव्य र अधिकार -**

Aक) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

Aख) महासंघको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने,

Bग) संस्थाले तोकेको कार्य गर्ने,

Bघ) आफनो क्षेत्र वा कार्यविभाजनअनुसार संस्थाको काम गर्ने,

Bङ) अध्यक्षले दिएको निर्देशनअनुसार काम गर्ने,

B१२) कार्यसमितिका पदाधिकारी र सदस्यहरूले वार्षिक रूपमा कमशः रु. १,०००।- र ५००।- न्यूनतम शुल्क महासंघमा अनिवार्य भुक्तान गर्नुपर्नेछ ।

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।



## परिच्छेदः ७
## आर्थिक-व्यवस्था

### Aदफा ४६)

**संस्थाको कोष -** महासंघको सम्पूर्ण चलअचल सम्पतिको आफ्नो एउटा छुट्टै कोष हुनेछ, र जसको अभिलेख प्रचलित कानुनअनुसार राखिनेछ ।

### दफा ४७)

### आर्थिक स्रोत

B१) कोषमा देहायबमोजिमका रकमहरू जम्मा हुनेछन् -

Aक) महासंघ प्रवेश शुल्क र सदस्यताशुल्कको रकम,

Aख) कसैले स्वेच्छाले दिएको दान-अनुदान, सहायतावापतको प्राप्त रकम वा जिन्सी,

Aग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम,

Aघ) विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट सहयोगस्वरूप प्राप्त रकम वा जिन्सी,

Aङ) नेपाल सरकार वा स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोगवापत प्राप्त रकम, जिन्सी वा अन्य सुविधा,

Aच) उत्पादन, प्रदर्शनी तथा अन्य विभिन्न क्रियाकलापबाट सङ्कलन हुने र उपार्जन गरिने रकम,

Bछ) प्रकाशन आदिवाट प्राप्त रकम,

Bज) प्रशिक्षण आदिवाट प्राप्त रकम,

Bझ) सेवामूलक कार्यबाट प्राप्त रकम वा जिन्सी,

B२ विदेशी संघसंस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति लिनेछ ।

### Aदफा ४८)

**बैंकखातासञ्चालन** - संस्थाको बैंकखाता अध्यक्ष, महासचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । कुनै पनि बैंक वा वित्तीय संस्थाहरूमा संस्थाको खाता खोल्न सकिनेछ ।

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।

## Bदफा ४९)

**कोषको रकम खर्च गर्ने तरिका**

B१) संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहायबमोजिम तरिका अपनाई खर्च गरिनेछ -

Bक) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

Bख) सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

Bग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन सभामा अनिवार्यरूपले पेश गर्नुपर्नेछ ।

Bघ) कोषको रकम खर्च गर्दा तोकिएबमोजिम गर्नुपर्नेछ ।

Bङ) कोषको रकम समितिको निर्णयबाट खर्च गरिनेछ ।

Bच) संस्थाको उद्देश्य परिपूर्तिका लागि कोषको रकम समितिको निर्णयबमोजिम खर्च गरी सभाद्वारा अनुमोदन गराइनेछ ।

## Aदफा ५०)

**संस्थाको लेखा र लेखापरीक्षण**

A१) संस्थाको आय-व्ययको लेखा प्रचलित कानुनबमोजिम स्पष्ट तवरले राखिनेछ ।

A२) संस्थाको लेखापरीक्षण प्रचलित कानुनबमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

A३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरू  खटाई संस्थाको हिसाव-किताव जाूच गर्न गराउन सक्नेछ ।

A४) लेखापरीक्षकको नियुक्ति दफा ३४ (१) को (च) र सोही दफाको (२) को (ञ) अनुसार हुनेछ ।

A५) संस्थाको लेखापरीक्षणप्रतिवेदन र बार्षिक कार्यप्रगतिविवरणको १/१ प्रति सम्बन्धित निकायहरूमा पेश गरिनेछ ।

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।



## Bदफा ५१)

**ज्योतिषकल्याणकोष -** महासंघमा ज्योतिषकल्याण कोष रहनेछ । सो कोषको व्यवस्थापन र सञ्चालन महासंघले तयार पारेको नियमावलीअनुसार हुनेछ । सभा वा महासभाको अनुमतिबिना ज्योतिषकल्याण कोषमा जम्मा भएको रकम खर्च गर्न पाइनेछैन ।

## Bदफा ५२)

**ज्योतिषअक्षयकोष -** महासंघको एक ज्योतिष अक्षयकोष रहनेछ । सो कोषको व्यवस्थापन र सञ्चालन महासंघले तयार गरेको नियमावलीअनुसार हुनेछ । सभा वा महासभाको अनुमतिबिना अक्षय कोषमा जम्मा भएको रकम खर्च गर्न पाइनेछैन । यस कोषको व्याज सम्मान, पुरस्कार तथा सामाजिक सेवाको काममा मात्र खर्च गर्न पाइनेछ ।

# परिच्छेद-८
# विविध

## Aदफा ५३)

**विधानसंशोधन :**संस्थादर्ताऐन २०३४ वा प्रचलित कानुनबमोजिम विधानसंशोधन गर्नुपरेमा कुनै पदाधिकारी वा सदस्यले कार्यसमितिसमक्ष संशोधनप्रस्ताव पेश गर्नुपर्नेछ । सो प्रस्ताव उपर केन्द्रीय कार्यसमितिले समर्थन जनाएमा महासभासमक्ष पेश गरिनेछ र महासभाको कुल दुई तिहाईको वहुमतले पारित गरेमा संशोधित विधान स्थानीय अधिकारीको स्वीकृति लिएर लागु हुनेछ ।

## Aदफा ५४)

**संस्थाविघटन -** संस्था सञ्चालन हुन नसक्ने वा अरू कुनै कारणबाट विघटन गर्नु परेमा वा महासभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्थाखारेजीका लागि सभाले सर्वसम्मत निर्णय गर्न सक्नेछ । यसरी कारणवश संस्थाविघटन भई खारेज भएमा संस्थाको दायित्व फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ, तर शाखा विघटन हुँदा भने त्यसको सम्पूर्ण चलअचल सम्पत्ति केन्द्रको अधीनमा रहनेछ ।

---

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।

**Aदफा ५५)**

**निर्वाचनसम्बन्धी व्यवस्था**

A१) सम्पूर्ण सदस्यहरूको नवीकरण र वैधताको जाँच तथा निर्वाचन अधिकृतको मनोनयनसमेत अध्यक्षले गर्नेछ ।

A२) केन्द्रीय सदस्यहरूको निर्वाचन महासभाका सभासद् सदस्यहरूद्वारा एक व्यक्ति एक मतको आधारमा गोप्य मतद्वारा हुनेछ ।

**३) यहााबाट हटाई ३९ को (४) मा लगिएको**

**४) हटाइएको**

**५) हटाइएको**

६) कम्तीमा हरेक ३ वर्षमा महाधिवेशन हुनेछ, र यसै महाधिवेशनले नै केन्द्रीय सदस्यहरूको निर्वाचन गर्नेछ ।

B७) कार्यसमितिको निर्वाचनप्रयोजनको लागि बढीमा ५ जनाको एक निर्वाचनसमिति कार्यसमितिको सहमतिमा गठन गरिनेछ ।

B८) निर्वाचनसमितिले प्रचलित कानुनको परिधिभित्र रहेर निर्वाचनकार्यविधि आफै व्यवस्थित गर्नेछ ।

B ९) निर्वाचनसम्बन्धी विवाद उत्पन्न भएमा निर्वाचनसमितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

B१०) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचनसमिति स्वतः विघटित हुनेछ ।

B११) निर्वाचित पदाधिकारी तथा सदस्यहरूले निर्वाचन समितिले तोकेको ढाँचामा शपथग्रहण गर्नुपर्नेछ । निर्वाचितहरूलाई निर्वाचन अधिकृतद्वारा र मनोनीतहरूलाई अध्यक्षद्वारा शपथग्रहण गराइनेछ ।

B१२) आजीवनसदस्यता नलिएका सबै तहका कार्यसमितिका निर्वाचित वा मनोनीत पदाधिकारी तथा सदस्यहरूले तीन महिनाभित्र नियमबमोजिम आजीवनसदस्यता अनिवार्यरूपमा लिनु पर्नेछ, अन्यथा सम्बन्धित पदबाट स्वतः पदमुक्त हुनेछ ।

**Bदफा ५६)**

**उम्मेदवार हुने योग्यता**

B१) केन्द्रीय सदस्यको उम्मेदवार हुन देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।



Bक) संस्था सञ्चालनमा अनुभवी एवं दक्ष, सम्बद्ध विषयमा राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरको जानकार एवं निर्दिष्ट प्रक्रिया तथा योग्यता पुगेको, ज्योतिषप्रति आस्थावान्, प्रतिभाशाली, सक्षम व्यक्ति हुनुपर्नेछ ।

Bख) महासभाका सभासद् सदस्यहरू मात्र केन्द्रीय सदस्यहरूको निर्वाचनमा मतदाता वा उम्मेदवार हुन पाउनेछन्, ।

Bग) विधानबमोजिम अयोग्य घोषित व्यक्तिहरूको निर्वाचनप्रक्रियामा भाग लिने अधिकार हुने छैन

Bघ) अध्यक्षका हकमा सामान्यतया ज्योतिष विषयमा स्नातकोत्तर तह वा सो सरह योग्यता पुगेको र महासंघको केन्द्रीय समितिमा रही न्यूनतम एक कार्यकाल पूरा गरेको साधारण वा आजीवनसदस्य हुनपर्दछ, तर प्रथम पटकका लागि भने यो नियम लागु हुनेछैन ।

Bङ) उमेदवार हुनका लागि न्यूनतम रु. १,५००।- शुल्क लाग्नेछ ।

**दफा ५७)**

**अविश्वासको प्रस्ताव**

A१) अविश्वासको प्रस्ताव लिखितरूपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहायबमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नुपर्नेछ ।

Aक) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

Aख) प्रस्तावको विषय स्पष्ट र व्यावहारिक हुनुपर्छ ।

Aग) सम्बन्धित सभाका सदस्यहरूमध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरूको नाम, थर ठेगाना प्रस्ट खुलाई सही समेत भएको हुनुपर्छ ।

Aघ) नियमबमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई महासभा वा विशेषमहासभा अथवा साधारणसभा वा विशेष साधारणसभा बस्ने स्थान, मिति, समयसमेत तोकी सदस्यहरूलाई विधानबमोजिम सूचना दिइनेछ ।

Aङ) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्तिउपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।

**B**२) अध्यक्षमाथि अविश्वासको प्रस्ताव पेस भएमा सो सभाको अध्यक्षता दफा ४४ को (४) अनुसार हुनेछ ।

**B**३) **अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया**

क) सभामा अध्यक्षता गर्ने व्यक्तिले सभामा प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरूमध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारणसहितको आफ्नो अभिमत सभासमक्ष प्रस्तुत गर्नेछ ।

**B**ख) अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछन् ।

**B**ग) अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरूविरुद्ध प्रस्तुत गरिएको हो, ती पदाधिकारीहरूलाई आफ्नो सफाई पेश गर्नका लागि आफ्नो भनाइ राख्न अध्यक्षता गर्ने व्यक्तिले अवसर दिनेछन्

**B**४) **अविश्वासको प्रस्तावमाथि निर्णय -** अविश्वासको प्रस्तावउपर आफ्नो भनाइ राख्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहायबमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ -

**B**क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा,

**B**ख) सभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

**B**ग) सभाको कूल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरू पदमुक्त हुनेछन्, तर त्यस्तो अविश्वासको प्रस्ताव ल्याउने पक्षले प्रमाण पुऱ्याउन नसकेमा आफै सजायको भागी हुनुपर्नेछ ।

---

**B** २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।



## दफा ५८)

**निष्क्रियता -** यो विधानको कुनै पनि दफा वा उपदफामा लेखिएका कुनै बुँदाहरू प्रचलित नेपाल कानुनसँग बाझिन गएमा बाझिन गएको हदसम्म स्वतः खारेज हुनेछन् । यस विधानमा लेखिएका कार्यहरू यस संस्थाले प्रचलित नेपाल कानुनको मनसाय विपरित नहुने गरी नेपाल सरकारको नीति निर्देशनको परिधिभित्र रहेर गर्नेछ ।

## **A**दफा ५९)

**ब्याख्या -** यो विधान र विधानअन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने सम्पूर्ण अधिकार केन्द्रीय कार्यसमितिलाई मात्र हुनेछ ।

## **A**दफा ६०)

**गोप्यता भङ्ग गर्न नहुने -** यस संस्थाका पदाधिकारी वा सदस्यहरूले संस्थाको अहित हुने कार्य गर्न गराउन हूदैन र संस्थाको गोप्यता भङ्ग गर्न गराउन हूदैन । कार्यसमितिका पदाधिकारी वा सदस्य तथा साधारणसभाका सदस्यहरूले बैठक वा सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्न हूदैन । यस संस्थाले आफ्ना कार्यहरू कुनै पनि राजनीतिक गतिविधिबाट विल्कुलै अलग्गै रही सञ्चालन गर्नेछ ।

## दफा ६१)

**नियम बनाउने -** यो विधानको अधीनमा रही कार्य समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्तो नियम विनियम स्थानीय अधिकारीको स्विकृति लिएर लागु गर्नेछ ।

## दफा ६२)

**निर्देशनको पालना -** स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु यस संस्थाको कर्तव्य हुनेछ ।

## **A**दफा ६३)

**संस्थापकहरू**

**A**१) यस संस्थाको स्थापनाकालमा विधानस्वीकृतिका लागि विधानमा सही छाप गर्ने व्यक्तिहरू संस्थापक हुनेछन् । विधानमा दस्तखत गर्ने संस्थापकहरूको नाम देहायअनुसार रहेको छ -

क) अध्यक्ष : ज्यो.पं. धर्मराज रेग्मी, दैलेख, समाजसेवा,

---

**A** २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

ख) सदस्य : ज्यो. डा. देवीप्रसाद खनाल, संखुवासभा, समाजसेवा,
ग) सदस्य : ज्यो. डा. पुण्यप्रसाद अधिकारी, झापा, समाजसेवा,
घ) सदस्य : ज्यो. पं. मायाराम शर्मा, जुम्ला, समाजसेवा
ङ) सदस्य : ज्यो. पं. राजकुमार सुवेदी, धादिङ, समाजसेवा,
च) सदस्य : ज्यो. पं. पुण्यप्रसाद दङ्गाल, सिन्धुपाल्चोक, समाजसेवा,
छ) सदस्य : ज्यो. कृष्णबहादुर राजभण्डारी, ललितपुर, समाजसेवा,
ज) सदस्य : ज्यो. डा. लोकराज पौडेल, झापा, समाजसेवा,
झ) सदस्य : ज्यो. जगतबहादुर बुढामगर, बागलुङ, समाजसेवा,
ख) **हटाइएको**

**Aदफा ६४)**

**यस महासंघको स्थापना गर्दा विधान समर्थन गर्ने संस्थाहरू संस्थापक सस्था हुनेछन् ।**

A१) महासंघ दर्ता गर्दा यस संस्थाप्रति समर्थन जनाउने संस्थाहरूको नाम देहायअनुसार रहेको छ -

क) राष्ट्रिय ज्योतिष विज्ञान सेवा समिति नेपाल, बत्तीसपुतली, काठमाडौं,
ख) नेपाल ज्योतिष परिषद्, डिल्लीबजार, काठमाडौं,
ग) नेपाल फलित ज्योतिष अनुसन्धान परिषद्, डिल्लीबजार, काठमाडौं,
घ) ज्योतिष परामर्श परिषद्, मैतिदेवी, काठमाडौं,
ङ) सनातन धर्म संस्कार चाडपर्व संरक्षण समिति नेपाल, बत्तीस पुतली, काठमाडौं,
च) वैदिक धर्म संरक्षण समिति, सिन्धुपाल्चोक,
छ) राष्ट्रिय ज्योतिष अध्ययन एवं अनुसन्धान परिषद् नेपाल, गौरीघाट, काठमाडौं,

B२) संस्थापक संस्थाहरूले दफा २९ (१) को (छ) बमोजिम संस्थाआबद्धसदस्यता लिई दफा ३३ (१) को (ग) बमोजिम महासभामा प्रतिनिधित्व गर्न सक्नेछन् ।

**इति शुभम्**

A २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा संशोधन गरिएको ।

B २०६५ जेठ २९ गते बसेको साधारणसभाद्वारा थप गरिएको ।



## दक्षिण एशियाली ज्योतिष महासंघ

### केन्द्रीय कार्य समिति

अध्यक्ष, उप.प्रा. श्री माधवप्रसाद पाण्डेय
सह-अध्यक्ष, आचार्य शिवशंकर न्यौपाने
वरिष्ठ अध्यक्ष, ज्यो.पं चण्डिकाप्रसाद भट्टराई
उपाध्यक्ष, आचार्य लक्ष्मीप्रसाद बराल
महासचिव, चन्द्रकुमार शेर्मा
उपमहासचिव, ज्यो.पं. नारायणप्रसाद तिमिल्सिना
उपमहासचिव, ज्यो. इन्दिरा गौतम
कोषाध्यक्ष, ज्यो.सहदेव विष्ट
सह कोषाध्यक्ष डिल्लीप्रकाश साम्पाङ्ग
संगठन सचिव, ज्यो. वैद्यराज दिपक सुवेदी
सचिव, ज्यो.रामकृष्ण आचार्य

सदस्यहरु

ज्यो. अच्युत प्रसाद नेपाल
ज्यो. आत्माराम उप्रेती
ज्यो.ओजराज उपाध्याय
श्री ओमकृष्ण गौतम
इ. ज्यो. श्री केशव मङ्गल जोशी
ज्यो. आचार्य तुलसीराम गौतम
उप प्रा.दिनानाथ पण्डित
उप प्रा. धनेश्वर नेपाल
ज्यो. प्रेमप्रसाद पराजुली
ज्यो. भरतमणि रिसाल
सहप्रा.डा.श्री यादव प्रसाद ढुङ्गाना
ज्यो.रङ्गराज आयर्चा
ज्यो. रामप्रसाद सिटौला
ज्यो. रूपा कडेल
ज्यो. लक्ष्मी प्रसाई
ज्यो. वेद प्रकाश सापकोटा
ज्यो. शिव पोखरेल
ज्यो. सुदर्शन पौडेल
ज्यो. सुनिल सिटौला
ज्यो. सुरेन्द्र नाथ उपाध्याय